दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक ५९ | बुटवल | २०८२ फागुन १० गते, आइतबार | नेपाल संवत ११४६ | Sunday February 22, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१


# चुनाव सफल बनाएर देशलाई निकास दिऔं : प्रधानमन्त्री



**लुम्बिनी संवाददाता**
*बुटवल*

प्रधानमन्त्री सुशीला कार्कीले गण्डकी प्रदेशपछि लुम्बिनी प्रदेशको भ्रमण गरी चुनावी तयारी र समग्र वस्तुस्थितिबारे जानकारी लिएकी छिन् ।

प्रधानमन्त्री कार्कीले रूपन्देहीको बुटवलमा शनिबार बिहान लुम्बिनी प्रदेश तथा त्यसअन्तर्गतका विभिन्न जिल्लाका अधिकारीहरूसँग विस्तृत छलफल गरेकी थिइन् ।

कार्यक्रममा लुम्बिनी प्रदेशका प्रमुख सचिव कृष्णप्रसाद काप्री, नेपाली सेनाको मध्यपश्चिम पृतनाका पृतनापति हिम्मतबहादुर विष्ट, लुम्बिनी प्रदेश प्रहरी प्रमुख भुपेन्द्र खत्री, रूपन्देही, कपिलवस्तु, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) र पाल्पाका प्रमुख जिल्ला अधिकारी एवं अन्य सुरक्षा अधिकारीहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा प्रमुख सचिव काप्री र पृतनापति विष्टले प्रदेशभित्र रहेका २६ वटै निर्वाचन क्षेत्रको अवस्था, चुनावको तयारी र सुरक्षाको योजनाका विषयमा प्रस्तुतिकरण दिएका थिए । अन्य सहभागीहरूले पनि आ-आफ्नो क्षेत्रको विवरण प्रस्तुत गरेका थिए ।

प्रधानमन्त्री कार्कीले छोटो अवधिमा निकै मिहिनेत गरेर निर्वाचनको वातावरण बनाएको र मिहिन कुराहरूलाई पनि ध्यानमा राखी सुरक्षाको योजनासमेत तयार गरेकोमा सन्तोष व्यक्त गर्दै सम्बद्ध अधिकारीहरूलाई धन्यवाद दिइन् ।

छलफलका क्रममा प्रधानमन्त्री कार्कीले आसन्न प्रतिनिधिसभा निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्ने गरी प्रभावकारी सुरक्षा व्यवस्था मिलाउन निर्देशन दिइन् । उनले निर्वाचनको वातावरण धमिल्याउन खोज्ने तत्वहरूको पहिचान गरी निर्वाचन केन्द्रित सुरक्षामा पूर्ण ध्यान दिन निर्देशन दिइन् ।

प्रधानमन्त्री कार्कीले जनतामा जान नसक्ने केही व्यक्ति र समूहले आफ्नो अस्तित्व देखाउन पनि निर्वाचन बहिष्कारको हल्ला फैलाउने गरेको उल्लेख गर्दै यस्ता गतिविधिमाथि कडा निगरानी राख्न निर्देशन दिइन् ।

आफ्नो उपस्थिति देखाउन जनजीवनलाई आतंकित पार्ने र रकम असुली (एक्सटर्सन) गर्ने प्रवृत्ति पनि पाइएको र त्यसलाई समयमै निरूत्साहित गर्नुपर्ने उनको भनाइ थियो ।

'बहिष्कार पनि अहिले सजिलो व्यवसायजस्तो भएको छ । जनतामा जानुपरेन । मत माग्नुपरेन । पार्टीको संगठन बनाउनुपरेन । दुईचार जना मिलेर बहिष्कार भन्दियो,' प्रधानमन्त्री कार्कीको भनाइ उद्धृत गर्दै उनको सचिवालयले भनेको छ-'जनतालाई आतंकित बनायो । चन्दाका नाममा एक्सटर्सन गऱ्यो । यस्तो प्रवृत्ति छ । यसलाई समयमै निरूत्साहित गर्नुपर्छ । राजनीति गर्ने हो भने त जनतामा मत माग्न जानुपऱ्यो नि ।'

उनले थप भनेकी छिन्-'अहिले सबै सम्हालिएर संयमित भएर देशलाई निकास दिने गरी निर्वाचन सफल बनाउन लाग्नुपर्ने समय हो । यो देश हाम्रो हो । हामीले नै बनाउनुपर्छ । यही देशमा बाँच्नुपर्छ । त्यसैले जस्तासुकै चुनौती आए पनि हामीले सामना गरेर नै अघि बढ्नुपर्छ । देशको माया हुनेहरू सबैले शान्ति सुव्यवस्था कायम गर्न सहयोग गर्नुपर्छ । निर्वाचन सफल बनाउँदै देशलाई निकास दिन लाग्नुपर्छ ।'

निर्वाचन आफैंमा जित-हारको प्रतिस्पर्धा भएकाले सम्भावित झडपप्रति पनि चनाखो हुनुपर्ने उनले बताइन् । प्रधानमन्त्री कार्की नेतृत्वको टोलीले गौतम बुद्धको जन्मस्थल लुम्बिनीको दर्शन गरेको थियो ।

टोलीमा प्रधानमन्त्रीका प्रेस सल्लाहकार रामबहादुर रावल र प्रमुख स्वकीय सचिव आदर्शकुमार श्रेष्ठ पनि सहभागी थिए । प्रधानमन्त्री कार्कीले हिजो शुक्रबार मुस्ताङका हिमाली बस्तीको हवाई निरीक्षण गरी मुक्तिनाथ र जोमसोममा अन्तर्क्रिया गरेकी थिइन् ।

मुस्ताङबाट उनी पोखरा पुगेर गण्डकी प्रदेशस्तरीय छलफल गरेकी थिइन् । यसअघि उनले कोशी प्रदेशका सोलुखुम्बु, भोजपुर, ताप्लेजुङ र सुनसरीमा भ्रमण गरी निर्वाचन तयारीको निरीक्षण गरेकी थिइन् ।

## उच्च संयमता अपनाउन सरकारको आग्रह

बुटवल । सरकारले रौतहटमा भएको घटनामा सबैलाई उच्च संयमता अपनाउन आग्रह गरेको छ । रौतहटमा दुई समुदायबिच भएको विवादले उत्पन्न अवस्थाबारे छलफल गर्न शनिबार दिउँसो केन्द्रीय सुरक्षा समितिको बैठक बसेको थियो ।

सुरक्षा निकायका चारवटै प्रमुखसहित बसेको बैठकले रौतहटमा सद्भाव कायम गर्न आग्रह गरिएको गृह मन्त्रालयका सह-सचिव आनन्द काफ्लेले जानकारी दिए । 'रौतहटको घटनामा सबैलाई उच्च संयमता र सद्भाव कायम गर्न आग्रह गरिएको छ । जिल्ला सुरक्षा समितिलाई सबै निकायसँग समन्वय गरेर उचित सुरक्षा व्यवस्था कायम गर्न निर्देशन दिइएको छ ।'- बैठकको निर्णयबारे जानकारी गराउँदै उनले भने ।

त्यस्तै, उक्त घटनामा दोषीलाई कारबाहीको प्रक्रिया अघि बढाउन पनि सम्बन्धित निकायलाई निर्देशन दिइएको उनले बताए । रौतहटमा अवस्था तनावग्रस्त बनेपछि स्थानीय प्रशासनले शनिबार दिउँसो १ बजेबाट कर्फ्यू लगाएको छ । दुई समूहबिचको लफडाका कारण बिहीबार रातिदेखि नै रौतहट तनावग्रस्त बनेको थियो । रौतहटको गौरमा भड्किएको हिंसामा संलग्न रहेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ ।

गौर नगरपालिका वडा नं. ६ सवगढाबाट सुरु भएको दुई समुदायबिचको विवादमा संलग्न रहेको आरोपमा प्रहरीले शेख जमशेदलाई नियन्त्रणमा लिएको हो । पक्राउ परेका उनी जनमत पार्टीका जिल्ला संयोजक हुन् भने सोही वडाका पूर्व अध्यक्ष पनि हुन् ।

बिहीबार साँझ मस्जिदको बाटो हुँदै जन्तीको गाडी गएपछि भएको विवादले हिंसात्मक रूप लिएको थियो । हिजो शुक्रबार दिनभरको झडपपछि प्रशासनले दुवै पक्षबिच ६ बुँदे सहमति समेत गराएको थियो । तर शनिबार बिहानबाटै पुनः सवगढामै दुई पक्षबीच झडप भएको छ ।

सवगढा घटनामा शेख जमसेदको संलग्नताका केही प्रमाण समेत फेला पारेको प्रहरी स्रोतको दाबी छ । प्रहरीले जमसेदलाई घरबाटै नियन्त्रणमा लिएर जिल्ला प्रशासन कार्यालयमा लगेको छ । आफूलाई प्रहरीले घरबाटै लिएर आएको शेख जमशेदले पनि बताएका छन् भने प्रशासनले यस विषयमा बोल्न चाहेको छैन । हालसम्म झडपका क्रममा १० जना सामान्य घाइते भएको, २० जना व्यक्ति पक्राउ परेको र ७ मोटरसाइकल र १ थान जीप आगजनिका कारण नष्ट भएको प्रमुख जिल्ला अधिकारी दिनेश सागर भूसालले बताए ।

झडप नियन्त्रणमा लिन प्रहरी ५० थानभन्दा बढी अश्रुग्यास प्रहार गरेको थियो भने दर्जनौं राउण्ड हवाइ फायर समेत गरेको थियो ।

## फागुन २१ को चुनावले समाधान दिँदैन : घनश्याम



बुटवल । नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) का कार्यवाहक अध्यक्ष घनश्याम भुसालले फागनु २१ गते हुने निर्वाचनले मुलुकको संकट समाधान नगर्ने बताएका छन् । उनले पूराना नेताहरूको नालायी बोकेर भएको निर्वाचनले अंकगणितमा परिवर्तन ल्याए पनि त्यसले मुलुकको संकट समाधान गर्न नसक्ने बताए । गृहजिल्ला रूपन्देही आएका उनले शनिबार बुटवलमा पत्रकार सम्मेलनमा बोल्दै निर्वाचन आवश्यकता नभई बाध्यता रहेको जनाए । यो निर्वाचन नेपाली जनताले चाहेको नभई संवैधानिक तथा लोकतान्त्रिक प्रक्रियाको असाधारण परिस्थितिका कारण अपरिहार्य बनेको उनले उल्लेख गरे ।

उनले मुलुकमा केही समयदेखि उकुसमुकुस रहेको उल्लेख गर्दै जेनजीहरूको प्रदर्शनपछि पनि त्यही समस्या बोकेर निर्वाचन हुन लागेकाले मुलुकको संकट समाधान नहुने जनाए ।

» बाँकी ३ पेजमा

## नयाँदल 'क्षणिक हावाहुरी' : प्रचण्ड



बुटवल । नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले नयाँ राजनीतिक शक्तिहरूलाई 'क्षणिक हावाहुरी' को संज्ञा दिँदै उनीहरूको आयु समाप्त भएको टिप्पणी गरेका छन् ।

शनिबार काठमाडौंमा आयोजित दोलखा-काठमाडौं सम्पर्क निर्वाचन परिचालन कमिटीको चुनावी सन्देशसभालाई सम्बोधन गर्दै उनले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लगायतका नयाँ दलहरूसँग मुलुक हाँक्ने कुनै ठोस सिद्धान्त र सांगठनिक आधार नभएको दाबी गरे ।

निर्वाचनको संघारमा नयाँ दलहरूप्रति देखिएको आकर्षणलाई सामान्य मौसमी प्रभावको रूपमा टिप्पणी गर्दै दाहालले भने-'हावाहुरी केही दिन आएजस्तो देखिए पनि त्यो सधैँ चल्दैन । अहिले त्यो हुरी थामिइसकेको छ । मानिसहरूले बुझिसकेका छन् कि देशलाई वैचारिक र सैद्धान्तिक नेतृत्व दिन सक्ने शक्ति कुन हो । आवेगको भरमा आएको लहरले मुलुकको जटिल राजनीतिलाई निकास दिन सक्दैन ।'

प्रचण्डले नयाँ दलहरूले बाँडेको सपनालाई 'भ्रमको खेती' भन्दै अब जनता पुनः आफ्नै पार्टीको एजेन्डा र संगठनमा फर्किएको जिकिर गरे। उनले इतिहासमा नेपाली जनक्रान्तिद्वारा फ्याँकिएका शक्तिहरूले निर्वाचन बिथोल्न चलखेल गरिरहेको समेत आरोप लगाए । "अझै पनि केही मानिसहरू निर्वाचन हुँदैन भन्न छाडेका छैनन् । यसखालको प्रचारको पछि नलाग्न र दृढतापूर्वक चुनावको तयारीमा लाग्न अपिल गर्दछु ।"- उनले कार्यकर्तालाई निर्देशित गरे ।

» बाँकी ३ पेजमा

## चुनाव ६ महिनापछि गरे हुन्छ, तर राजा र जेनजीसँग सहमति हुनुपर्छ : लिङदेन



बुटवल । राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङदेनले चुनावअघि राजनीति दलहरू, पूर्व राजा र नव युवा पुस्ताबिच नवीन समझदारी गर्नुपर्ने दोहोऱ्याएका छन् । पार्टीको चुनावी प्रचार कार्यक्रमअन्तर्गत रूपन्देही १ को खैरेनीमा आयोजित सभामा बोल्दै उनले भविष्यमा कसैले विद्रोह गर्न नपर्ने र अन्यायमा नपर्ने अवस्था बनाउन नवीन समझदारी आवश्यक रहेको बताए ।

उनले २०८४ मा हुने चुनाव ०८२ मा गर्दैमा देशका समस्या समाधान नहुने उल्लेख गर्दै चुनावलाई २ महिनादेखि ६ महिना पर सार्न सकिने सुझाए ।

'चुनाव भन्दा अगाडि राजा, राजनीतिक दल र नव युवा पुस्ताबीच नयां समझदारी गरौं, देशमा नमिलेका विषयहरू मिलाऔं,' लिङदेनले भने-'निषेधको राजनीति हामीले लामो समयसम्म गऱ्यौं अब कसैले कसैलाई निषेध गर्ने अथवा कसैले हार्ने होइन, देशले जित्ने नयाँ समझदारी गरेर अगाडि जाऔं, त्यसो भयो भने मात्रै भविष्यमा कसैले विद्रोह गर्न पर्दैन, कोही अन्यायमा पर्नुपर्दैन ।'

राप्रपाले ठूला दलहरूलाई एक वर्ष अगाडिदेखि नै राजा सहित नवीन समझदारी गर्न आग्रह गरेको र नगरेमा देश दुर्घटनामा जाने कुरा संसद र सडकबाट सार्वजनिकरूपमा राख्दै आए पनि बेवास्ता गर्दा भदौ २३ र २४ को जेनजी आन्दोलन निम्तिएको दाबी गरे ।

अध्यक्ष लिङदेनले फेरि पनि देश जबरजस्त चुनावतिर अघि बढेको उल्लखे गर्दै राप्रपाले सबै दलहरूलाई राष्ट्रिय सहमतिमा आउन र समझदारी गरेर मात्र चुनावमा जाऔं भन्ने प्रयत्न गरिरहेको बताए ।

'आज देश जबरजस्त चुनावतिर अघि बढेको छ, तर हामी सबै दलहरूलाई राष्ट्रिय सहमतिमा आउन र चुनाव अरू २ महिना, ५ महिना वा ६ महिनापछि गरे पनि हुन्छ भन्ने प्रयत्न गरिरहेका छौं ।'-उनले भने । लिङदेनले रास्वपा नयाँ दल नभई पटक पटक असफल भएका पुराना दलहरूकै एजेण्डा बोकेको पार्टी भएको टिप्पणी गरे ।

» बाँकी ३ पेजमा




दैनिक लुम्बिनी

## सम्पादकीय

# अलोकतान्त्रिक क्रियाकलाप बन्द गर

चुनावको मिति नजिकिँदै जाँदा दलहरूबिच द्वन्द्वको संकेत देखिएका छन् । खासगरी राष्ट्रिय स्वतन्त्र पार्टी समर्थकहरूले गरेका अलोकतान्त्रिक गतिविधिले समाजमा आक्रोश र घृणा बढाएको छ । उनीहरूका यस्ता हर्कत सभ्य समाजका लागि निन्दनीय छन् ।

दाङको तुलसीपुरमा फागुन ७ गते एमालेको निर्वाचन चिन्ह सूर्य अंकित झण्डा जलाएर रास्वपाका कार्यकर्ताले जुन गलत काम गरे, त्यस्ता कामप्रति क्षमा माग्नु र कार्यकर्तालाई कारबाहीको दायरामा ल्याउनुको साटो पार्टी नेतृत्व गैरजिम्मेवार ढंगले प्रस्तुत भएर अशोभनीय काम गरेको छ । चुनावी अभियानमा प्रतिस्पर्धी अर्को पार्टीको झण्डा जलाउनु र नेतृत्वविरुद्ध नाराबाजी गरेर गैरजिम्मेवारी देखाएको रास्वपा यत्तिकै अडिने लक्षण छैन् । चुनाव नजिकिँदै जाँदा उसका अराजक क्रियाकलाप अझै बढ्छन् भन्ने संकेत देखिइसकेको छ । सुनसरीको भोक्राहामा कांग्रेसको कार्यक्रम बिथोल्ने हल्ला चलाएर चुनावी अभियानमा हिंडेका कांग्रेस नेता ज्ञानेन्द्रबहादुर कार्कीको समूहमाथि हातपात भएको छ । सर्लाहीमै कांग्रेसको झण्डा च्यातेर बालबालिकालाई पिसाब फेर्न लगाएर बालेन सरकार जिन्दावादको नारा लगाउनेहरू को हुन थाहा भएन्, तर यस्ता क्रियाकलापले चुनावमा अरूको अस्तित्व स्विकार नगर्दा लोकतन्त्रको प्राण मर्दछ ।

चुनाव लोकतन्त्रको अनिवार्य शर्त हो । चुनावले नै लोकतन्त्रको प्राण जोगाउँछ । चुनाव नहुने हो भने तानशाहको जन्म हुन्छ । स्वच्छाचारिता बढ्छ । चुनाव हुन जति आवश्यक छ, चुनवा स्वच्छ, मर्यादित र भयरहित हुनुपर्छ । सरकारले निश्पक्ष चुनावको ग्यारेण्टी कुरामा होइन्, व्यवहारमा गरेर देखाउन सक्नुपर्छ । हरेक दलले चुनावलाई भयरहित बनाउन गर्ने क्रियाकलापलाई बढाउन जति आवश्यक छ, समाजलाई भयबाट मुक्त पार्न उत्तिकै आवश्यक छ । एउटा दलले अर्को दलका गतिविधिलाई रोक्ने, अपमान गर्ने क्रियाकलाप चुनाव विरोधी गतिविधि हुन् । चुनाव हुने मात्रै प्रधान विषय होइन्, चुनाव भयरहित भयो कि भएन् महत्वपूर्ण विषय हो । दाङमा झण्डा जलाउनेमध्ये तीनजनालाई प्रहरीले पक्राउ गरेको जानकारी दिएको छ । ती व्यक्तिलाई कारबाहीको दायरामा ल्याउन सक्दा मात्रै यस्ता अवाञ्छित क्रियाकलाप नियन्त्रण हुनसक्छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी एउटा राजनैतिक दल हो भने उसले असभ्य र अमर्यादित क्रियाकलाप तत्काल रोक्नुपर्छ । दल नभएर भीड हो र यो भीडको आधारमा अघि बढिरहेको छ भने यो भीडले अन्ततः रास्वपालाई नै सखाप पार्छ । अन्ततः यसले मुलुकमा अराजकतालाई बल पुर्‍याउँछ । यसले लोकतन्त्र र प्रणालीलाई कमजोर बनाउने हो ।

### पसिनासँगै बगिरहेको इतिहासः

# विदेशी सेनामा नेपाली सहभागिता

**ईन्द्रप्रसाद भुसाल**

*भारतीय सेना, ब्रिटिस सेना र सिङ्गापुर पुलिसमा नेपालीहरूको भर्ती केवल रोजगारीको विषय होइन, नेपालको इतिहास, कूटनीति र अन्तर्राष्ट्रिय श्रम पहिचानको अभिन्न अंश हो । यस परम्परालाई सम्मान गर्दै बदलिँदो विश्व परिस्थितिअनुसार कूटनीतिक संवाद, नीतिगत स्पष्टता र युवाको भविष्य सुरक्षित गर्ने रणनीति आजको आवश्यकता बनेको छ । अब बन्ने सरकारले विश्वपरिस्थितिलाई ध्यानमा राख्दै कूटनौतिक संवादलाई सक्रिय, सन्तुलित र राष्ट्रिय हितमुखी बनाउनु पर्ने जरूरी छ । नीतिगत स्पष्टता विना आर्थिक तथा सामाजिक विकास सम्भव नहुने भएकाले आर्थिक, वैदेशिक श्रम, स्वास्थ्य र शिक्षा नीतिमा दीर्घकालीन योजना बनाउनु पर्ने कुरामा ठोस निर्णय लिनुपर्ने आजको जल्दो बल्दो आवश्यकता हो ।*



नेपालको वैदेशिक रोजगारीको इतिहास केवल खाडी मुलुक वा आधुनिक श्रम बजारसँग मात्र सीमित छैन । नेपाली युवाहरूले विदेशी भूमिमा अनुशासन, साहस र इमानदारीका आधारमा आफ्नो पहिचान बनाएको सबैभन्दा पुरानो र प्रतिष्ठित क्षेत्र भनेको विदेशी सेना तथा सुरक्षा सेवा हो । विशेषगरी भारतीय सेना, ब्रिटिस सेना र सिङ्गापुर पुलिसमा नेपालीहरूको सहभागिता केवल रोजगारीको विषय मात्र नभई कूटनीतिक सम्बन्ध, ऐतिहासिक सम्झौता र अन्तर्राष्ट्रिय श्रम मान्यतासँग गाँसिएको विषय पनि हो ।

नेपाली युवाहरू विदेशी सेनामा भर्ना हुने इतिहास खोज्दै जाँदा उन्नाइसौँ शताब्दीको प्रारम्भसम्म पुग्न सकिन्छ । सन् १८१४-१६ को अङ्ग्रेज-नेपाल युद्धपछि भएको सुगौली सन्धि (१८१४) ले यस प्रक्रियालाई औपचारिक रूप दिएको मानिन्छ । युद्धमा नेपाली गोरखाली सैनिकको अद्भूत साहस, अनुशासन र युद्धकौशलबाट प्रभावित भएर ब्रिटिस ईस्ट इण्डिया कम्पनीले नेपाली युवालाई आफ्नो सेनामा भर्ती गर्न सुरू गर्‍यो । यहीँबाट "गोरखा सैनिक" को अन्तर्राष्ट्रिय पहिचान निर्माण भएको थियो ।

सन् १८१५ पछि औपचारिक रूपमा British Army भित्र "ब्रिगेड अफ गोरखाज" स्थापना गरियो । त्यसयता नेपाली गोरखाहरूले दुवै विश्वयुद्ध, मलाया, फकल्याण्ड, अफगानिस्तान लगायतका युद्ध तथा शान्ति मिसनहरूमा सहभागिता जनाउँदै आए। ब्रिटिस सेनामा सेवा गर्नु केवल रोजगारी मात्र नभई सामाजिक प्रतिष्ठा, दीर्घकालीन पेन्सन, अनुशासित जीवनशैली तथा अन्तर्राष्ट्रिय सम्मानको प्रतीकका रूपमा नेपाली समाजमा स्थापित हुँदै गयो ।

सन् १८५७-५८ मा भारतमा ब्रिटिस शासनको विरुद्धमा ठूलो सशस्त्र विद्रोह भयो । यो विद्रोहको सुरुवात मुख्यतः व्रिटिश इष्ट इन्डिया कम्पनिको सेवामा काम गर्ने भारतीय सिपाहीद्वारा गरिएको थियो । ब्रिटिस इन्डिया कम्पनीले तत्कालिन समयमा प्रयोग गरिएका राइफलमा प्रयोग गरिएका कारतुसमा गाई र सुगुरको बोसो प्रयोग भएको हल्लाले हिन्दु र मुस्लिमको धार्मिक भावनामा गम्भिर चोट पुर्‍याएपछि सैनिक विद्रोह सुरु भएको थियो । यो विद्रोह दबाउने क्रममा तत्कालिन शक्तिशाली प्रधानमन्त्री जंगबहादुर राणाले ब्रिटिस इन्डिया कम्पनी तथा ब्रिटिस सरकारलाई हजारौँ गोरखा सैनिकहरूलाई भारत पठाएर सैनिक विद्रोह दवाउन ठूलो सहयोग गरेका थिए । ब्रिटिससँग मैत्रीपूर्ण सम्बन्ध कायम गर्दै नेपाललाई उपनिवेश बन्ने जोखिमबाट जोगाउँदै आन्तरिक र वाह्य हस्तक्षेप रोक्दै आफ्नो सत्तालाई अन्तर्राष्ट्रिय मान्यता दिलाउने उद्देश्यले तत्कालिन समयमा जंगबहादुर राणाले गरेको कुटनीतिक निर्णयलाई नेपालको सार्वभौम सत्ता जोगाउन ठूलो उपलब्धि मानिन्छ । इतिहासकारका अनुसार यो राजनैतिक, सैनिक सहकार्यले राणा शासनलाई दीर्घकालिन रूपमा सुदृढ बनाउँदै नेपाललाई दक्षिण एसियाको उपनिवेशिक पुनर्संरचनाबाट बाहिर राख्न महत्वपूर्ण भूमिका खेल्यो । ब्रिटिस इष्ट इन्डिया तथा ब्रिटिस सरकारलाई जंगबहादुर राणाले गरेको कुटनीतिक सहयोगलाई उच्च मूल्याङ्कन गर्दै सन् १८६० मा व्रिटिश सरकारले सुगौली सन्धिपछि गुमेका बाँके, बर्दिया, कैलाली र कञ्चनपूर समेटिएको नयाँ मुलुक नेपाललाई फिर्ता गर्‍यो ।

सन् १९४७ मा ब्रिटिस उपनिवेशको समाप्त तथा भारत स्वतन्त्र भएपछि गोरखा रेजिमेन्टको भविष्यबारे गम्भीर छलफल भयो । त्यसै क्रममा नेपाल, भारत र बेलायत सरकारबीच त्रिपक्षीय सम्झौता (Tripartite Agreement, १९४७)सम्पन्न भयो । यस सम्झौताअनुसार १० गोरखा रेजिमेन्टमध्ये ४ ब्रिटिस सेनामा र ६ भारतीय सेनामा समायोजित गरिए । यो सम्झौताले नेपाली नागरिकलाई दुवै सेनामा सेवा गर्ने कानुनी र नैतिक आधार प्रदान गर्‍यो । त्यसपछि Indian Army अन्तर्गतका गोरखा रेजिमेन्टहरू(1st, 3rd, 4th, 5th, 8th/9th Gorkha Rifles) मा हजारौँ नेपाली युवाहरूले सेवा गर्दै आए। भारतीय सेनामा गोरखा भर्ती नेपालको ग्रामीण क्षेत्रका युवाका लागि स्थिर आम्दानी, सामाजिक सुरक्षा र सम्मानजनक जीवनको मुख्य माध्यम बन्यो । भारतसँगको खुला सीमा, ऐतिहासिक सम्बन्ध र साझा सांस्कृतिक आधारले पनि भारतीय सेनामा गोर्खा भर्ती थप सहज बन्दै गयो । गोर्खालीहरूको बहादुरी, इमान्दारिता, लगनशीलता र जिम्मेवारीवहन परम्पराको निरन्तरता स्वरूप दक्षिण-पूर्व एसियामा पनि नेपालीहरूको भूमिका विस्तार भयो । सन् १९४९ मा Singapore Police Force अन्तर्गत "Gurkha Contingent" स्थापना गरियो। मलायामा कम्युनिस्ट विद्रोह र क्षेत्रीय सुरक्षा चुनौतीका कारण सिङ्गापुरले राजनीतिक रूपमा तटस्थ, अनुशासित र भरपर्दो बलको खोजी गर्दा नेपाली गोरखाहरू उपयुक्त ठहरिएको कारणले त्यसयता सिङ्गापुर पुलिसमा कार्यरत गोरखा प्रहरीहरू उच्च सुरक्षा क्षेत्र, संवेदनशील कूटनीतिक स्थान र विशेष जिम्मेवारीमा खटिँदै आएका छन् ।

सिङ्गापुरको गोरखा कन्टिजेन्टमा नेपाली युवाको भर्ती आज पनि अत्यन्त कडा र प्रतिस्पर्धात्मक मानिन्छ । सिङ्गापुर पुलिस छनौट प्रक्रियामाशारीरिक क्षमता, मानसिक सन्तुलन, अनुशासन र पारिवारिक पृष्ठभूमिसम्म गहिरो मूल्याङ्कन हुन्छ । यसले नेपाली श्रमिकको अन्तर्राष्ट्रिय छवि अझ बलियो बनाएको छ ।

यी तीनवटै क्षेत्रमा नेपालीहरूको सहभागिता सामान्य श्रम आप्रवासनभन्दा भिन्न छ । यहाँ व्यक्तिगत सम्झौताभन्दा पनि राज्य-राज्यबिचको ऐतिहासिक समझदारी, विश्वास र दीर्घकालीन सम्बन्ध आधार बनेका छन् । यस अर्थमा भारतीय सेना, ब्रिटिस सेना र सिङ्गापुर पुलिसमा नेपालीको सेवा नेपालको वैदेशिक रोजगारीको सबैभन्दा सुरक्षित, सम्मानित र संस्थागत स्वरूप मानिन्छ । तर पछिल्लो समय यस क्षेत्रमा पनि चुनौतीहरू देखिन थालेका छन् । विशेष गरी भारतले सन् २०२२ मा लागू गरेको "अग्निपथ योजना" ले नेपाली गोरखा भर्तीको परम्परागत ढाँचामा अवरोध सिर्जना गरेको छ । सीमित सेवा अवधि, पेन्सन नहुने व्यवस्था र सम्झौताविपरीतका प्रावधानप्रति नेपाल सरकारले असन्तुष्टि जनाएपनि हाल भारतीय सेनामा नेपाली भर्ती प्रक्रिया स्थगित अवस्थामा छ । यसले तयारीमा रहेका हजारौँ नेपाली युवालाई अन्योलमा पारेको छ । यो योजना लागु हुनुभन्दा पहिला औसत वार्षिक १४०० नेपाली युवाहरू भारतीय गोर्खा सेनामा भर्ना हुने गर्दथे । अग्निपथ योजनासँगै ४ वर्से सेवा अनुबन्ध र नयाँ नियम लागु भएपछि नेपाली युवाहरूको परम्परागत लामो समयको भर्ती प्रक्रिया बारे दुई पक्षीय असमझदारी र बहस बढेको छ । भारतले सन् २०२२ मा लागू गरेको "अग्निपथ योजना" केवल सैन्य सुधारको आन्तरिक नीति मात्र होइन, यसले ऐतिहासिक रूपमा स्थापित नेपाली गोरखा भर्ती प्रणालीमा प्रत्यक्ष असर पारेको निर्णय थियो । सीमित सेवा अवधि, पेन्सनको व्यवस्था नहुनु र अस्थायी सैनिक अवधारणाले गोरखा सैनिकको परम्परागत पेसागत सुरक्षामाथि प्रश्न उठेको छ । यस सन्दर्भमा क्ष्लमष्बल ब्कथ ले त्रिपक्षीय सम्झौताको भावना आत्मसात् नगरेको आरोप पूर्णतः निराधार भन्न सकिँदैन ।

तर, यो समस्या केवल भारतीय सरकार वा सेनाको कमजोरी मात्र हो भन्नु पनि अपूरो विश्लेषण हुन्छ । अझ गम्भीर प्रश्न नेपाल सरकारको भूमिका के रह्यो ? भन्ने हो । ऐतिहासिक रूपमा गोरखा भर्ती नेपाल-भारत-बेलायतबिचको कूटनीतिक समझदारीमा आधारित विषय हो । यति संवेदनशील विषयमा नेपाल सरकारले समयमै स्पष्ट कूटनीतिक पहल, औपचारिक वार्ता र अन्तर्राष्ट्रिय दबाब सिर्जना गर्न सकेन । नेपालभित्र गरिएका खोक्रा भाषण र विरोधले स्पष्ट नीति, रणनीति, परिणाममा रूपान्तरण हुन सकेन । हजारौँ नेपाली युवाहरू वर्षौँदेखि भारतीय सेनामा भर्ती हुने आशामा शारीरिक, मानसिक र शैक्षिक तयारीमा लागिरहेका थिए, तर 'अग्निपथ' योजनापछि उनीहरू न रोजगारी पाए, न कुनै वैकल्पिक मार्ग देखाइयो । यस्तो अवस्थामा नेपाल सरकारले ती युवाका लागि वैकल्पिक सुरक्षा सेवा, राष्ट्रिय सुरक्षाबलमा समायोजन वा अन्तर्राष्ट्रिय सुरक्षा मिसनसँग जोड्ने स्पष्ट नीति ल्याउन कुनै कुटनीतिक प्रयास गरेको देखिँदैन ।

गोर्खा भर्ती केवल रोजगारीको माध्यममात्र नभई, नेपालको इतिहास, पहिचान र कूटनीतिक पुँजी हो । त्यसलाई जोगाउन नेपाल सरकारले दीर्घकालीन कूटनीतिक रणनीति, स्पष्ट अडान र निरन्तर संवाद गर्नुपर्ने थियो । अस्थिर सरकार, कमजोर कुटनीतिक नियोग, अपरिपक्क राजनीतिक संयन्त्र तथा गैर जिम्मेवार शासन प्रणालीका कारण वर्तमान अन्योलको जिम्मेवारी भारतको नीतिगत निर्णय मात्र नभै नेपाल सरकारको कूटनीतिक निष्क्रियता उत्तिकै जिम्मेवार छ । यस ऐतिहासिक वैदेशिक रोजगारीको सामाजिक प्रभाव निकै गहिरो रहेको छ । एकातिर यसले ग्रामीण गरिबी घटायो, शिक्षा र स्वास्थ्यमा पहुँच बढायो र नेपाली युवालाई आत्मसम्मानसहितको जीवन दियो भने अर्कोतर्फ, दीर्घकालीन रूपमा युवाशक्ति विदेशमै सीमित हुँदा देशभित्र नेतृत्व, सीप र उत्पादन क्षमतामा असर पर्न थालेको छ ।

निष्कर्षमा भन्नुपर्दा, भारतीय सेना, ब्रिटिस सेना र सिङ्गापुर पुलिसमा नेपालीहरूको भर्ती केवल रोजगारीको विषय होइन, नेपालको इतिहास, कूटनीति र अन्तर्राष्ट्रिय श्रम पहिचानको अभिन्न अंश हो । यस परम्परालाई सम्मान गर्दै बदलिँदो विश्व परिस्थितिअनुसार कूटनीतिक संवाद, नीतिगत स्पष्टता र युवाको भविष्य सुरक्षित गर्ने रणनीति आजको आवश्यकता बनेको छ । अब बन्ने सरकारले विश्वपरिस्थितिलाई ध्यानमा राख्दै कूटनौतिक संवादलाई सक्रिय, सन्तुलित र राष्ट्रिय हितमुखी बनाउनु पर्ने जरूरी छ । नीतिगत स्पष्टता विना आर्थिक तथा सामाजिक विकास सम्भव नहुने भएकाले आर्थिक, वैदेशिक श्रम, स्वास्थ्य र शिक्षा नीतिमा दीर्घकालीन योजना बनाउनु पर्ने कुरामा ठोस निर्णय लिनुपर्ने आजको जल्दो बल्दो आवश्यकता हो । सुरक्षित भविष्यका लागि सुशासन, विधिको शासन, सामाजिक सुरक्षा, प्रविधिमैत्री, अर्थतन्त्र, जलवायु चुनौतीप्रति सचेत रहँदै बेरोजगार युवाहरूका लागि स्वदेशमै रोजगार सिर्जना, सिपमूलक शिक्षा, उद्यमशीलता प्रवर्धन र निजी क्षेत्रसँग सहकार्य जस्ता विषयवस्तुलाई अङ्गिकार गर्न सकेवर्तमान समयमा आम नागरिकमा देखिएको राजनीतिक वितृष्णा र असन्तुष्टी क्रमशः सुधार हुने अपक्षे गर्न सकिन्छ ।

# गर्मीमा कसरी गर्ने स्वास्थ्यको ख्याल ?

हामीले अनुभव गरेकै छौं, गर्मी बढेसँगै पखला लाग्छ, खानेकुरा पच्दैन, फूड प्वोइजन हुन्छ । यहिबेला हो, छालाको संक्रमणदेखि टाउको दुख्नेसम्मको समस्या हुने । गर्मीमा शरीर आलस्य हुन्छ । थकाई लाग्छ । काम गर्न जाँगर चल्दैन । अर्कोतिर झिँगा फैलने, लामखुट्टेले टोक्ने, साङ्लाले दुख दिने पनि गर्मी याममै हो ।

यद्यपी यो मौसमको खराबी होइन, हामीले मौसम अनुसार आफूलाई तयार राख्न नसकेका मात्र हौं । गर्मी-जाडो प्राकृतिक चक्र हो । यो वर्षौंदेखि निरन्तर र नियमित छ । अतः गर्मीमा पनि आफूलाई कसरी फिट एन्ड फाइन राख्ने भन्ने कुरा हाम्रो आफ्नै हातमा छ ।

**के गर्ने ?**

गर्मी याममा लाग्नसक्ने संभावित रोगहरुबाट छुटकारा पाउनका लागि केही सतर्कता अपनाउन सकिन्छ । यसलाई बुँदागत रुपमै उल्लेख गरौं ।

१. पर्याप्त पानी वा झोलयुक्त पदार्थ पिउने । किनभने गर्मीमा बढी पसिना बग्ने भएकाले शरीप्रमा पानीको मात्रा अपुग हुन्छ ।

२. मौसमी सब्जी, फलफूलको सेवन गरौं । सडेगलेको, बासी, जथाभावी राखिएको खानेकुराबाट शरीरमा रोगको संक्रमण हुनसक्छ ।

३. सकेसम्म घर बाहिरको खानेकुरा सेवन नगरौं । फूटपाथको खानेकुरा, जस्तै चटपटे, पानीपुरी, मम, चाउमिन जस्ता खानेकुराले पाचन प्रणालीलाई



खराब गर्न सक्छ ।

४. घरबाहिर निस्कदाँ पुरै शरीर ढाक्ने पहिरन लगाउने । यसले गर्दा धुलो धूँवा तथा घामको सोझो किरणबाट छालालाई जोगाउन सकिन्छ ।

५. आँखाको सुरक्षाको लागि सनग्लास प्रयोग गरौं ।

६. सरसफाइमा विशेष ध्यान दिनुपर्छ । पसिना बग्ने, धुलो-धूँवा शरीरमा टाँसिने भएकाले नुहाई-धुवाई गर्नैपर्छ ।

**लामखुट्टे, झिँगा, साङ्लाबाट बच्ने**

गर्मीमा आफ्नो शरीरका साथसाथै वातावरणिय स्वच्छता पनि आवश्यक हुन्छ । आफ्नो घर, आँगन वा आफु बसोबास गर्ने आसपासको क्षेत्र सफा, सुग्घर भयो भने विभिन्न संक्रमणको भय हुँदैन ।

पानी जम्ने खाल्डाखुल्डी, फोहोरको थुप्रो, कुहिएका बस्तुहरु छन् भने त्यहीबाट लामखुट्टे, झिँगा, साङ्ला फैलन्छ । यी रोगका स्रोत हुन् । लामखुट्टेको टोकाइले जिउमा चिलाउने मात्र होइन, रगतको माध्यामबाट विभिन्न रोग सार्ने भय पनि हुन्छ । झिँगाले खानेकुरालाई दुषित बनाइदिन्छ । साङ्लाले पनि खानेकुरामा हानिकारक ब्याक्टेरिया सार्ने जोखिम हुन्छ ।

त्यसैले लामखुट्टे, झिँगा, साङ्ला नियन्त्रणका लागि घर एवं आसपासका क्षेत्रमा सरसफाई आवश्यक हुन्छ ।

गर्मीमा लामखुट्टेको टोकाइबाट बच्नका लागि झुलको प्रयोग गर्ने गरिन्छ । यो सही तरिका हो । जबकी लामखुट्टे भगाउन धूप बाल्नु स्वास्थ्यका लागि हानिकारक हुन्छ । यस्ता धूपले लामखुट्टे मर्छ भने पक्कै त्यसले हाम्रो स्वास्थ्यलाई पनि हानी गरिरहेको हुन्छ ।

लामखुट्टेको प्रकोपबाट बच्न कतिले झ्याल-ढोका बन्द गर्ने गर्छन् । यद्यपी झ्याल ढोका पूर्ण रुपमा बन्द गर्दा कोठामा हावा आउजाउ गर्न सक्दैन । त्यसैले संभव भएसम्म झ्यालमा जाली लगाएर सकेसम्म खुला राख्नु राम्रो हो ।

# निर्वाचन सुरक्षा चुनौतीसहितको नमूना मतदान

पाल्पा । यही फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई स्वच्छ, निष्पक्ष र धाँधलीरहित बनाउन पाल्पामा उच्च सुरक्षा सतर्कता अपनाइएको छ। निर्वाचन एकीकृत सुरक्षा समिति पाल्पाले मतदानको दिन आइपर्ने चुनौतीलाई मध्यनजर गर्दै तानसेनमा एक विशेष नमूना मतदान तथा सुरक्षा रणनीति अभ्यास प्रदर्शन गरेको छ।

जति जति नजिक निर्वाचनको समय आउँछ, निर्वाचनमा खटिने सुरक्षाकर्मीहरुको चुनौती बढ्दै जान्छ। निर्वाचनमा खटिने निर्वाचन प्रहरीसहित राज्यका ३ वटै सुरक्षा निकायहरु निर्वाचनको माहोललाई शान्तिपूर्ण बनाउन दिनरात खटिएका छन्।

मतदान स्थलमा हुने सुरक्षा चुनौती अभ्यासका क्रममा कुनै समूहले नियमविपरीत जबरजस्ती मतदानस्थल कब्जा गर्न खोज्दा उत्पन्न हुने तनावलाई एकिकृत निर्वाचन सुरक्षाकर्मीले व्यवस्थापन गरी समाधानको नमूना अभ्यास देखाइएको हो । मतदानस्थलको पहिलो घेरामा रहेको नेपाल प्रहरीले स्थिति नियन्त्रणमा लिन नसकेपछि सशस्त्र प्रहरी र अन्त्यमा नेपाली सेनाको समन्वय मतदान अधिकृतको सहजीकरणबाट समस्या समाधान उपाय देखाइएको थियो। निर्वाचनको दिन हुन सक्ने सुरक्षा चुनौतीलाई मध्य नजर नेपाली सेना दि फेमस महिन्द्रदल गणको अगुवाइमा एकीकृत सुरक्षा चुनौतीसहितको नमूना मतदान पाल्पाको तानसेनमा भएको हो।

निर्वाचनको सुरक्षामा नेपाली सेना तेस्रो घेरामा रहन्छ। नेपाल प्रहरी र सशस्त्र प्रहरीको प्रयासले मात्र स्थिति नियन्त्रणमा आएन भने एकीकृत सुरक्षा योजनाअन्तर्गत सेना मतदान स्थलमै परिचालन हुन्छ। नमूना अभ्यासमा रणनीतिक सुरक्षा र वार्तामार्फत् रोकिएको मतदान सुचारु गर्न भन्ने सफल परीक्षण गरेका दि फेमस महेन्द्रदल गण, पाल्पाका प्रमुख सेनानी शान्तकुमार थापाले बताए।

निर्वाचनको पहिलो र मुख्य सुरक्षा घेरामा नेपाल प्रहरी, निर्वाचन प्रहरी खटिन्छन्। मतदान स्थलमा उत्तेजित भिडलाई रोक्ने, सम्झाउने बुझाउनेदेखि आवश्यक परे अन्य सुरक्षा निकायको सहयोग लिई मतदान स्थल र मतदाताको सुरक्षा सुनिश्चित गर्न नेपाल प्रहरी खटिएको हुन्छ। तानसेनमा भएको सुरक्षा चुनौती नमूना अभ्यासले फिल्डमा खटिने प्रहरीको मनोबल बढाएको, समन्वय र आपसी सहकार्यमा स्मरण गराएको जिल्ला प्रहरी कार्यालय, पाल्पाका प्रमुख प्रहरी उपरीक्षक दिपेन्द्र पञ्जीयार थारुले बताए ।

निर्वाचनलाई भयरहित वातावरणमा सम्पन्न गर्नु एकीकृत निर्वाचन सुरक्षा समिति प्रमुख दायित्व र कर्तव्य र जिम्मेवारी हो। एकीकृत सुरक्षा समितिको यो अभ्यासले पाल्पाको सुरक्षा निकायबिचको समन्वयलाई मजबुत बनाउँदै आत्मविश्वास बढाएको छ। पाल्पामा कुनै पनि प्रकारका निर्वाचन विरोधी सुरक्षा कृयाकलाप र सुरक्षा चुनौतीलाई निस्तेज पार्न सक्षम छौँ भन्ने गरी जनतामा शान्ती सुरक्षाको प्रत्याभूति दिएको प्रमुख जिल्ला अधिकारी विनु बज्राचार्य कुवँरले बताइन्।

नमूना मतदानमा स्थानीयवासीको पनि सक्रिय सहभागिता रह्यो। जेष्ठ नागरिकदेखि, महिला तथा पहिलो पटक मतदान सहभागी मतदाताहरु नमूना मतदान गरे। सहभागी स्थानीय बासिन्दाहरूले यस अभ्यासबाट मतदान गर्ने सही तरिका र सुरक्षा व्यवस्थाबारे स्पष्ट जानकारी पाएको स्थानीय मतदाता पुरुषोत्तम गैरेले बताए।

नमूना मतदानमा सहभागी सर्वसाधारणलाई साँच्चै नै मतदानको दिन फागुन २१ गते नै आएजस्तो भएको छ। मतपत्र कसरी लिने, स्वस्तिक छाप कहाँ र कसरी लगाउने अनि मतपत्रलाई नबिग्रने गरी कसरी पट्याउने भन्ने कुरा मैले प्रष्टसँग सिकेको नमूना मतदानमा सहभागी मखनमाया गुभाजु बज्राचार्यले बताइन्। निर्वाचन सुरक्षाको यो नमूना प्रदर्शनीले सुरक्षा निकायको कार्यक्षमता मात्र होइन, आम मतदातामा सुरक्षाको प्रत्याभूति समेत गराएको छ। यस्ता नमूना मतदान सहित एकीकृत निर्वाचन सुरक्षा विधि र प्रक्रियाको अभ्यास गाउँ-गाउँमा पुऱ्याउन सके निर्वाचन शान्तिपूर्ण भयरहित र विश्वसनिय बनाउन सहयोग पुग्नेछ।

पाल्पा जिल्लाको क्षेत्र नं. १ मा ५२ वटा मतदान स्थलको ११७ वटा मतदान केन्द्रमा ९८ हजार ३ सय ८३ मतदाता रहेका छन। यसैगरी क्षेत्र नं. २ मा ६६ वटा मतदान स्थलको १३४ वटा मतदान केन्द्रमा १ लाख ९ हजार ५३ जना मतदाता रहेका छन्।

---

### फागुन...

नयाँ र पूराना कुनैले पनि जनताको माग सम्बोधन नगर्ने बताउँदै निर्वाचनपछि झन समस्या आउन सक्ने बताए। उनले राजनीतिक पार्टीहरूको नालायकीपनलाई उजागर गरी राष्ट्रिय संकल्प गर्नुपर्ने भए पनि त्यसो नगरी निर्वाचनमा जाने तयारीले समस्या लुकाउने काम मात्र भएको बताए।

गौरीबहादुर कार्की नेतृत्वको आयोग जस्ता प्रक्रियाले पनि यथार्थ उजागर नगर्ने उनले बताए। भुसालले यो अवसर गुमाएर मुलुक भूराजनीतिक दबाबमा रहेको सानो राष्ट्रका रूपमा कमजोर बन्दै गएको बताए। निर्वाचनपछि पनि पुरानै प्रवृत्ति दोहोरिने र विकासको परनिर्भरताको बाटोले रोजगारी नदिने, विचौलियातन्त्र बलियो हुने र सुशासन नहुने दावी गरे।

उनले राजनीतिलाई घरेलुकरण गर्नुपर्ने, पश्चिमेली मोडेलबाट मुक्त भएर नेपाली बाटो खोज्नुपर्नेमा जोड दिए। मुलुकको मूल समस्या परनिर्भर विकास, दलाल पुँजीवाद र विचौलिया तन्त्र भएको भन्दै बौद्धिक वर्ग तथा राजनीतिकर्मीहरूलाई यस्ता प्रश्न उठाई निकास दिन आह्वान गरे। उनले ओली, देउवा, प्रचण्ड र माधवकै नालायीका कारण मुलुकको वर्तमान अवस्था सृजना भएको बताए।

**ओली, प्रचण्डले नेतृत्व छाडे, एक हप्तामा एकता**

अध्यक्ष भुसालले राजनीतिक पार्टीको नेतृत्वमै समस्या रहेको बताए। उनले नेपाली काँग्रेसमा गगन थापाको नेतृत्वले देउवाको विकल्प खोजेको बताउँदै कम्युनिष्ट पार्टीहरूमा केपि ओली र प्रचण्डले कुर्सी छाडेको दिन कम्यूनिष्ट एकता हुने बताए। "कं ओली र क. प्रचण्डले एक्टिभ पोलिटिक्समा रहन्न भनेको दिन लेफ्ट मुभमेन्ट एक हप्तामा एक हुन्छ।"- भुसालले भने।

कार्यक्रम नीति, सिद्धान्तका हिसाबले अलग हुनुपर्ने कुनै कारण नरहेको बताउँदै नेतृत्वमा मात्रै समस्या रहेको बताए। प्रचण्ड नेतृत्वको नेकपा माओवादी र माधव नेपाल नेतृत्वको नेकपा एकिकृत समाजवादी ढोकाबाट नभई झ्यालबाट एकता भएको जनाए।

उनले व्यक्तिगत स्वार्थका कारणले एकता भएको बताए। वामपार्टीहरूमा नेतृत्वमा रहेकाहरूले कुर्चो छाडेको दिन एकता हुने र त्यो आवश्यक रहेको समेत भुसालले जनाए। उनले राष्ट्रिय पुँजीको विकास गर्दै रोजगारी सृजना गर्नेबारेमा सबै एक ठाउँ रहेको बताए। पत्रकार सम्मेलनमा नेकपा (संयुक्त) का केन्द्रीय नेता नन्दलाल बन्जाडे, जिल्ला अध्यक्ष हिराध्वज शाह, अविराम विकलगायतको उपस्थिति रहेको थियो।

### नयाँदल...

देशमा हाल दुई प्रकारका प्रवृत्ति आमनेसामने भएको उल्लेख गर्दै उनले एकातर्फ शान्तिपूर्ण आन्दोलन गर्नेलाई टाउकोमा गोली हान्ने र अर्कातर्फ देश जलाउने विध्वंशकारी शक्ति सक्रिय रहेको बताए। यिनै प्रवृत्तिविरुद्ध आफ्नो पार्टी खडा भएको उनको भनाइ थियो।

आगामी फागुन २१ को निर्वाचनलाई लक्षित गर्दै उनले कार्यकर्ताहरूलाई अबको १२ दिन निर्णायक हुने बताए। उक्त अवधिलाई 'युद्धस्तर' को तयारीका रूपमा लिन निर्देशन दिँदै उनले भने-'हामी अबको १२ दिन युद्धस्तरमा खट्ने हो भने देशको नम्बर एक पार्टी बन्न र नयाँ परिस्थिति निर्माण गर्न सफल हुनेछौं।'

### चुनाव...

राप्रपाले अघि सारेको भ्रष्टाचारविरुद्धको नारा, संवैधानिक राजसंस्था, हिन्दु राष्ट्र र प्रदेश खारेजी नै नयाँ मुद्दा भएको बताए। उनले अहिले चुनाव देश बचाउनुपर्ने र विदेशीको प्रभावबाट जोगाउनुपर्ने चुनाव भएकाले नयाँ र पुरानाको भ्रममा नपरी चुपचाप नभई धैरै सोंचविचार गरेर मात्र मतदान गर्न मतदातालाई आग्रह गरे।

सभामा रूपन्देही १ का उम्मेदवार प्रज्ज्वल बोहरा,समानुपातिक उम्मेदवार ताहिर अली भाट र स्वाति थापा लगायतले भ्रष्टाचारविरूद्ध कडा कानून निर्माण, १२ लाख बढी सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा र लालपूर्जा वितरण राप्रपाको पहिलो प्राथमिकता रहेको बताए। नेता लिङदेन पश्चिम नवलपरासी र रूपन्देहीका विभिन्न निर्वाचन क्षेत्रमा रोड शो शैलीमा चुनावी प्रचार अभियानमा हिंडेका छन्।

---

# पुतलीबजार नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

प्रगतिनगर, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल

## ठेक्का आह्वानको सूचना

पहिलो पटक प्रकाशित मितिः२०८२/११/१०

१. पुतलीबजार नगरपालिका, प्रगतिनगर, स्याङ्जाले तपसिल वमोजिमको खरिद कार्यहरु अगाडी बढाउन योग्य बोलपत्रदाताहरुबाट इलेक्ट्रोनिक माध्यमबाट ठेक्का आवहान गरेको छ ।

२. इलेक्ट्रोनिक माध्यमबाट आफ्नो ठेक्का पेश गर्न चाहाने योग्य बोलपत्रदाताले www.bolpatra.gov.np/egp मा गई आवश्यक कागजात हेर्न, डाउनलोड गर्न र पेश गर्न सक्नुहुनेछ। ठेक्का कागजात खरिदका लागि नेपाल बैंकको राजस्व खाता नं : ०७२०३०००००१००१००००००१, राजस्व शिर्षक नंः १४२२९ मा तोकिएको रकम दाखिला गर्न सक्नुहुनेछ। ठेक्काको लागि बोलपत्र जमानत बैंक मार्फत दाखिला गर्न चाहने बोलपत्रदाताले नेपाल बैंकको धरौटी खाता नंः न्ब -३ -० ०७२०३००००००३०००००००००१ मा जम्मा गर्न सक्नुहुनेछ।

३. सम्पूर्ण खरिद प्रक्रिया सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम हुनेछ।

| क्र. स | ठेक्का नं | ठेक्काको विवरण | लागत अनुमान(भ्याट र पि.एस सहित) | खरिद प्रक्रिया | जमानत रकम | ठेक्का फारम दस्तुर | ठेक्का बुझाउने अन्तिम मिति र समय | ठेक्का जमानत म्याद |
|---|---|---|---|---|---|---|---|---|
| १ | 32/PM/SQ/GOODS/082/83 | Procurement of Health Lab Equipments for Putalibazar Municipality | १४,६०,६१६.५४ | सिलबन्दी दरभाउपत्र | ३७,००० | १००० | २०८२/११/२५ , १२:०० | सार्वजनिक खरिद ऐन तथा नियमावली वमोजिम |
| २ | 33/PM/NCB/WORKS/082/83 | Hudikhola Causeway Nirman, Putalibazar 07 | ३०,५८,८८२.०३ | बोलपत्र | ७५,००० | ३००० | २०८२/१२/१० , १२:०० | |

प्रमुख प्रशासकीय अधिकृत

---

# Malarani Rural Municipality

Khanadaha, Arghakhanchi
Lumbini Province, Nepal

## Invitation for Bids

Date of publication: 22-feb,2026 (2082/11/10)

Malarani Rural Municipality, Khanadaha, Arghakhanchi invites electronic Sealed Quotations/Bids from eligible bidders for the procurement and supply of goods as mentioned below:

| IFB No. | Contract Name | Contract id | Bid Document Fee (NPR) | Bid security Amount (NPR) | Last Date for Bid Submission |
|---|---|---|---|---|---|
| 1 | Procurement and Supply of Smart TV,Destop,Printer for Malarani Rural Municipality | MRM/W/NCB/ 2082/083/24 | 3000.00 | 108000 | 23/3/2026 12:00 P.M (2082/12/9) |

For more details, please visit PPMO website: www.bolpatra.gov.np/egp. or www.malaranimun.gov.np. or scan the QR code for full notice.

---

# लुम्बिनी प्रदेश सरकार

## स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालय

# पाल्पा अस्पताल

पाल्पा

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशन मिति :२०८२/११/१०

यस पाल्पा अस्पताल, पाल्पाको मिति २०८२।०९।०९ गते लुम्बिनी राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित सूचनाअनुसार यस अस्पतालमा ल्याव सामग्री र फार्मेशीतर्फको औषधी खरिद गर्ने कार्यका लागि नियमानुसार म्यादभित्र दर्ता भएका बोलपत्रहरुमध्ये औषधीतर्फको ठेक्का नं. PH/NCB/GOODS-1/082/083 र ल्याव तर्फको ठेक्का नं. PH/NCB/GOODS-2/082/083 को तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएकोमा स्वीकृतिको आशयको प्रयोजनको लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | ठेक्का नम्बर | ठेक्काको विवरण | स्वीकृत हुने बोलपत्रदाताको नाम र ठेगाना | स्वीकृत रकम (भ्याटबाहेक) रु. र स्वीकृत जम्मा आइटम |
|---|---|---|---|---|
| १ | PH/NCB/GOODS-1/082/083 | Procurement of Medicine items Pharmacy | Sun Pharmacy, Pokhara | 1065526 (87 Items) |
| | | | Samundra Medico Pharma, Butwal | 379620 (59 Items) |
| | | | Medihub Medicine Suppliers, Butwal | 27178 (7 Items) |
| | | | Emerald pharma, Kathmandu | 1980 (3 Items) |
| | | | A One Pharma, Butwal | 36717 (31 Items) |
| | | | Him Sagar Medical Hall, Pokhara | 272162 (39 Items) |
| | | | DhurbataraMedilinkPvt.Ltd., Pokhara | 1629456 (144 Items) |
| | | | Shivashakti Medical Stores, Syanja | 6132 (13 Items) |
| | | | BhairavnathMedisales, Rupandehi | 120857 (24 Items) |
| | | | Sambuddha MedicoPharma, Butwal | 116938 (24 Items) |
| २ | PH/NCB/GOODS-2/082/083 | Procurement of Lab items | Sunrise Surgical House, Kathmandu | 2200 (1 Item) |
| | | | Aahana suppliers Pvt. Ltd., Kathmandu | 479470 (13 Items) |
| | | | Shreenath Medicine Distributors, Chitawan | 15 (1 Item) |
| | | | Medi International trade, Butwal | 833966 (27 Items) |
| | | | K And B Surgichem, Pyuthan | 241400 (4 Items) |
| | | | H. R. Medico Concern, Butwal | 34888(5 Items) |
| | | | LumbiniSurgichem Pvt. Ltd., Butwal | 111935 (4 Items) |
| | | | Abik Medicine Suppliers, Palpa | 82550 (3 Items) |
| | | | Sijan Trade, Rupandehi | 115 (1 Item) |

नि.मेडिकल सुपरिटेण्डेण्ट

---

# LUMBINI PROVINCIAL GOVERNMENT

## MINISTRY OF ENERGY WATER RESOURCES AND IRRIGATION

GROUNDWATER RESOURCES AND IRRIGATION DEVELOPMENT DIVISION OFFICE, RUPANDEHI

## Notice for Invitation of Online Bids

**(First Date of Publication : 2082/11/10 (Feb-22,2026)**

Groundwater Resources & Irrigation Development Division Office, Rupandehi invites Online bids only under e-procurement system from eligible bidders for the works mentioned below under National Competitive Bidding procedures. All other information and Bid Document can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit E-Bid only as per instructions within the mentioned period.

| S.N. | Contract No | Description of Works | Cost Estimate (Without VAT & PS) | Bid Document Fee ( NRs.) | Bid Security Amount (NRs.) | Bid/Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | GWRIDD/SYSTEM/SQ/11/2082-83 | Construction of Pump house, Reservoir tank and supply and installation of pump in Madanpokhara deep tubewell Irrigation Project At Tansen 8, Madanpokhara palpa | 1278456.95 | 1000.00 | 36000.00 | 45/75 days from last date of bid submission.. |
| 2 | GWRIDD/SYSTEM/SQ/12/2082-83 | Construction of Pump house, Reservoir tank and supply and installation of pump in Majha deep tubewell Irrigation Project At Tansen 9, palpa | 1707730.41 | 1000.00 | 48000.00 | |
| 3 | GWRIDD/SYSTEM/SQ/13/2082-83 | Construction of Pump house and eletrification work in Madi thatiya deep tubewell Irrigation Project At Baganashkali 2, palpa | 1626258.06 | 1000.00 | 48000.00 | |
| 4 | GWRIDD/DS/SQ/14 /2082-83 | Construction of Upvc Water Distribution System at Shanti Deep Tubewell, Gaidahawa-07, Rupandehi. | 1024149.45 | 1000.00 | 30000.00 | |

**Division Chief**

---

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः

**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टेी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# मतदाताको घरदैलोमा के भन्दैछन् उम्मेदवारहरू ?

## मुद्दैमुद्दा बोकेका मान्छेले सुशासनका कुरा गरेर चिच्चाउनुको अर्थ नभएको कांग्रेस प्रवक्ताको भनाइ छ ।





**लुम्बिनी संवाददाता**

*बुटवल*

फागुन २१ को चुनाव नजिकिँदै जाँदा दलका उम्मेदवारहरू मतदाताको घरदैलोमा पुगेर भोट माग्न व्यस्त छन् ।

रूपन्देही २ मा नेकपा एमालेका उम्मेदवार विष्णुप्रसाद पौडेलले सैनामैनालाई व्यवस्थित, आधुनिक र सांस्कृतिक पहिचानसहितको नमूना सहरका रूपमा विकास गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । नेकपा (एमाले) का उपाध्यक्ष तथा पूर्वउपप्रधान एवं अर्थमन्त्रीसमेत रहेका पौडेलले सैनामैना वडा नं. १ र ४ का विभिन्न टोलमा आयोजित चुनावी अभियान कार्यक्रमलाई सम्बोधन गर्दै विकासलाई प्राथमिकतामा राखेर अघि बढ्ने स्पष्ट पारे ।

उनले हालसम्म सम्पन्न भएका विकास निर्माणका कामको सूची र पारदर्शितालाई आधार मानेर मूल्यांकन गर्न आग्रह गर्दै राजनीतिलाई विकास र समाजसेवाको माध्यमका रूपमा प्रयोग गर्दै आएको उल्लेख गरे । सैनामैनाको बुद्धकालीन तथा सांस्कृतिक महत्वलाई थप उजागर गर्दै यसलाई सांस्कृतिक सहरका रूपमा स्थापित गर्ने, अव्यवस्थित बसोबास, सुकुम्बासी र भूमिहीनका समस्या समाधानका लागि पहल गर्ने तथा दिगो विकासका योजनाहरू कार्यान्वयनमा ल्याउने उनको भनाइ थियो ।

सडक, कल्भर्ट, नाली तथा ढल निकासको स्तरोन्नति, सामुदायिक भवन तथा विद्यालयमा प्रयोगशाला विस्तार, नगर अस्पताल सञ्चालन, लामीरह बहुउद्देश्यीय जलाशय बाँध, सैनामैना चक्रपथ र मेजर रोडको पूर्णता लगायतका पूर्वाधार विकासका कामलाई उच्च प्राथमिकतामा राखिएको उनले बताए ।

कार्यक्रममा अन्य नेताहरूले पनि एमाले नेतृत्वमा भएका विकासका उपलब्धिहरूलाई आधार बनाएर मतदातासँग समर्थनको अपिल गरेका थिए । सो अवसरमा नेकपा परित्याग गरी एमालेमा प्रवेश गरेका सैनामैना-४ का दलित अगुवा कुमार नेपालीले पौडेललाई रूपन्देहीको मुटुका रूपमा प्रशंसा गर्दै विकासको निरन्तरताका लागि समर्थन जनाए । धनकुमारी बुढाथोकीले पनि पार्टी प्रवेश गर्दै सकारात्मक सोच र स्थिर विकासका पक्षमा उभिन आग्रह गरिन् ।

कार्यक्रममा सहभागी वक्ताहरूले समृद्ध सैनामैना निर्माणका लागि योजनाबद्ध, पारदर्शी र दिगो विकासको अभियानलाई अघि बढाउने प्रतिबद्धता दोहोऱ्याएका थिए ।

यस्तै रूपन्देही ५ मा एमालेका उम्मेदवार खिमलाल भट्टराई घरदैलोमा देखिएको जनलहरप्रति उत्साहित बनेका छन् । घरदैलो कार्यक्रमका क्रममा प्रत्येक क्षेत्रका जनसमुदायबाट अपेक्षाभन्दा बढी माया, समर्थन र भरोसा प्राप्त भएपछि आफू खुसी र उर्जावाम बनेको भट्टराईले बताए ।

लुम्बिनीलाई केन्द्रमा राखेर यस क्षेत्रको सर्वपक्षीय विकासका लागि आफू लाग्ने र क्षेत्रको विकासका लागि सदनबाट समस्याको समाधान गरिने भन्दै आफू जनताको सुख र दुःखमा सधैँ सँगै रहने उनले जनाए ।

नेपालको राजनीतिमा नयाँ अनुहार नभए पनि खिमलाल भट्टराईको आम निर्वाचनको यात्रा पहिलो पटक हो । भट्टराईले राष्टियसभामा रहँदा रूपन्देहीको क्षेत्र नं. ५ को शिक्षा, खेलकुद सडक खानेपानी सिँचाइ तथा सामाजिक क्षेत्रमा उल्लेखनीय योगदान दिएको स्थानीयको भनाइ छ ।

विद्यालय भवन निर्माण, खेलकुद संरचना विकास र सामाजिक कार्यमा उनको सक्रिय भूमिकाको स्थानीयले खुलेर प्रशंसा गरेका छन् । यी योगदानका आधारम रूपन्देही ५ ले अबको नेतृत्व भट्टराईलाई दिनुपर्ने धारणा स्थानीयले व्यक्त गरेका छन् ।

घरदैलो कार्यक्रमका क्रममा स्थानीयले सक्षम, विकासमुखी र जेनजी पुस्ताको भावना बुझ्ने युवा नेतृत्व आवश्यक रहेको उल्लेख गर्दै भट्टराई प्रति समर्थन जनाएका छन् । "अबको भोट युवा उम्मेदवार खिमलाल भट्टराईलाई" भन्ने आवाज गाउँ-बस्तीमा गुन्जिन थालेको छ ।

स्थानीयसँग प्रत्यक्ष भेटघाट गर्दै उनीहरूको दुःख, पीडा र अपेक्षालाई नजिकबाट बुझेका भट्टराईले यस क्रममा स्थानीयले पटक-पटक निर्वाचित भएका नेताहरूले केवल झुटा आश्वासन मात्रै दिएको गुनासो राख्दै अब नेतृत्व परिवर्तन अपरिहार्य भएको बताएका छन् ।

उम्मेदवार भट्टराईले रूपन्देही ५ को समग्र विकासका लागि रोजगारी सिर्जना, शिक्षा, स्वास्थ्य तथा सडक पूर्वाधारलाई प्राथमिकतामा राखेर काम गर्ने प्रतिबद्धता जनाएका छन् । जनतासँग प्रत्यक्ष संवादबाट प्राप्त सुझावलाई नै आफ्नो कार्ययोजनाको आधार बनाउने उनको भनाइ छ ।

घरदैलो कार्यक्रमसँगै भट्टराईले जनताका समस्या संकलन गर्ने कामलाई पनि निरन्तरता दिएका छन् । कुन ठाउँमा के समस्या छ भन्ने विवरण डायरीमा टिप्दै सुकुम्बासी तथा अव्यवस्थित बसोवास, खानेपानी, बाटोघाटो तथा सडक सञ्जालसम्बन्धी समस्या पहिचान गरिएको छ ।

निर्वाचित भए पनि नभए पनि जनताका समस्या समाधानका लागि सधैं सक्रिय रहने प्रतिबद्धता भट्टराईले व्यक्त गरेका छन् ।

यता नेपाली कांग्रेस रूपन्देही-२ ले पनि घरदैलो कार्यक्रमलाई तीव्रता दिएको छ । घरदैलो अभियानको पाँचौ दिन शनिबार बुटवल उप-महानगरपालिका वडा नं. १३ जितगढीमा आयोजित घरदैलोमा सयौं नेता कार्यकर्ताको सहभागीता भएपछि उम्मेदवारसहित कांग्रेस नेता कार्यकर्ता उत्साहित भएका हुन् । रूपन्देही निर्वाचन क्षेत्र नं. २ मा नेपाली कांग्रेसका उम्मेदवार चुन्नप्रसाद शर्माले घरदैलोका क्रममा बुटवल-१३ का मतदाता तथा पार्टीका नेता कार्यकर्ता सहभागीताले आफूलाई थप उत्साहित बनाएको बताए ।

स्थानीय पार्टीका नेता कार्यकर्ताका अलावा मतदाता र उद्योगी व्यवसायीहरूले देखाएको सद्भावले पनि आफू र समग्र कांग्रेसजनलाई उत्साहित बनाएको कांग्रेस उम्मेदवार पौडेलको भनाइ छ ।

नेपाली कांग्रेस रूपन्देही क्षेत्र नं. २ का क्षेत्रीय सभापति तथा निर्वाचन परिचालन मूल समिति संयोजक प्रजापाल गिरीले पनि घरदैलोका क्रममा पार्टीका नेता कार्यकर्ताको उल्लेखनीय सहभागिता र मतदाताले देखाएको सद्भावले उम्मेदवारसहित सिंगो नेपाली कांग्रेस उत्साहित भएको बताए । बुटवल उप-महानगरपालिका वडा नं. १३ को जितगढी र बेलबासमा भएको घरदैलोमा उम्मेदवार चुन्न शर्मा पौडेल, समानुपातिक उम्मेदवार रीता सेन वलीलगायत पार्टीका नेता कार्यकर्ता टोल टोल र घरदैलोमा पुगेर मत मागेका थिए ।

यसैबिच नेपाली कांग्रेसका प्रवक्ता देवराज चालिसेले कांग्रेसले मात्रै देशको भविश्य जोगाउन सक्ने बताएका छन् । आसन्न फागुन २१ को निर्वाचन देश बचाउने की सक्काउने बिच भएको दाबी उनले गरे ।

'अहिलेको अवस्थामा देशलाई जिम्मेवारीका साथमा जोगाउनुपर्नेछ, त्यसका लागि कांग्रेसको विकल्प नै छैन, देशको भविष्य कांग्रेससँग जोडिएको छ ।'-उनले भने । नेपाली कांग्रेस जिम्मेवार लोकतान्त्रिक राजनीतिक पार्टी भएकाले जेनजीसहित सबै जनताको आदेशलाई शिरोधार्य गरेर अघि बढेको उनको भनाइ थियो ।

प्रतिनिधिसभा निर्वाचन २०८२ को सन्दर्भमा रूपन्देही क्षेत्र नं. २ को बुटवलमा बुद्धिजीविसँगको छलफल कार्यक्रमलाई सम्बोधन गर्दै चालिसेले पार्टीले वर्तमानको समीक्षा गर्दै भरपर्दो भविष्य लिएर जनतामा गएको बताए ।

सुधारिएको कांग्रेसले देश पनि बदल्ने भन्दै उनले देश र जनमैत्री प्रशासनका विषयवस्तु कांग्रेसले अगाडि सारेको जनाए । उनले अहिले अल्गोरिदमले सामाजिक सञ्जाल क्याप्चर गरेको भन्दै सामाजिक सञ्जालका सबैकुरा तथ्यपरक नहुने भन्दै त्यसलाई जस्ताको तस्तै पत्याउन नहुने धारणा राखे । उनले भने-'अहिले चलेको हावाको कुनै भविश्य छैन, शरीरभरी दागै दाग र मुद्दैमुद्दा बोकेका मान्छेले सुशासनका कुरा गरेर चिच्चाउनुको अर्थ रहँदैन, बाटोमा देखिने भीड र सामाजिक सञ्जालमा पोखिने आक्रोश र मतपत्रमा लगाइने छापमा धेरै फरक हुन्छ ।'

प्रवक्ता चालिसेले सुधारिएको कांग्रेसबाट जनताले गरेको अपेक्षालाई कसरी सम्बोधन गर्दै सच्चिनु र सुध्रिनु पर्छ भनेर पार्टी अगाडि बढेको स्मरण गर्दै जनतालाइ कांग्रेसले गरेका प्रतिज्ञापत्र बुझाउन जरूरी रहेको बताए ।

प्रवक्ता चालिसेले कांग्रेसका उम्मेदवार घरदैलोमा पुग्दा आम कार्यकर्ता र जनतामा आएको उत्साहले हौसला र प्रेरणा मिलिरहेको भन्दै देशभर ठूलो संख्यामा कांग्रेस प्रवेश गर्ने लहर बढ्दै गएको जनाए ।

प्रवक्ता चालिसेले कांग्रेसले क्लियर भिजनसहित सभापति गगन थापालाइ प्रधानमन्त्री बनाउने र देशको अर्थतन्त्र सुधारेर आवश्यक नीति बदल्दै जनतालाई सेवासुविधा सहज दिने गरि काम गर्ने बताए ।

चालिसेले नयाँ भनिएकाहरूले रातीमा स्टाटस लेख्ने, जनतालाई ठग्दै हिंड्ने बाहेक कुनै काम गर्न नसकेको आरोप लगाए ।

भर्खरै पालिकाहरूको कार्यसम्पादनमा सबैभन्दा कमजोर रिजल्ट ल्याएका काठमाडौंका तत्कालिन मेयरलाई देशको प्रधानमन्त्री बनाए देश पनि कार्यसम्पादनमा सबैभन्दा कमजोर हुने र देशनै सक्किने उनको दाबी छ ।

रास्वपाबाट टिकट पाएकाहरूको कुनै राजनैतिक इतिहास र धरातल नभएको समेत उनले आरोप लगाए ।

कांग्रेस प्रवक्ता चालिसेले भदौ २३ को गोली र २४ गतेको आगो यी दुबै अतिवादको विरुद्धमा कांग्रेस रहेको स्मरण गराउँदै अब देश सम्हालेर नेतृत्व गर्ने पार्टी नेपाली कांग्रेस मात्रै भएको बताए ।

कार्यक्रममा केन्द्रीय सदस्य प्रतिमा गौतम, रामबहादुर कार्की, नेवि संघ अध्यक्ष दुजाङ शेर्पा, रूपन्देही क्षेत्र नं. २ का उम्मेदवार चुन्नप्रसाद शर्मा पौडेल, समानुपातिक उम्मेदवार रीता सेन ओली, गंगा शाही, प्रदेश कोषाध्यक्ष प्रकाश राना, कांग्रेस रूपन्देही सभापति रामकृष्ण खाँण, युवा नेता अमृत ज्ञवाली,नेपाल शिक्षक संघका केन्द्रीय अध्यक्ष सोमनाथ गिरि, डा. बुद्धबहादुर थापा, भोजबहादुर केसीलगायतले बोल्दै बदलिएको सन्देशसहित कांग्रेस घरघरमा पुगेर जनतालाइ जगाउनुपर्ने बताए । कार्यक्रममा बुटवल ११ निवासी नेकपा एमालेका पार्टी सदस्य, निवृत्त राष्ट्र सेवक सनतकुमार श्रेष्ठलगायत कांग्रेसमा प्रवेश गरेका छन् । कार्यक्रममा ५ सय जनाको सहभागिता रहेको थियो ।

**माटोको ऋण तिर्न आएँ : विश्वदीप**

उता रूपन्देही क्षेत्र नं. २ का उम्मेदवार सुवास पाण्डे 'विश्वदीप'ले आफ्ना मतदातालाई कार्यकर्तामार्फत् पत्र पठाउँदै यस क्षेत्रको माटोको ऋण तिर्न आफू आएको बताएका छन् ।

आफू यहींको माटोको धुलोमा खेलेर हुर्किएको, यहींको सुख दुःख भोगेको एउटा छोरो भएको भन्दै उनले पाहुँना उम्मेदवार जस्तो कतै भागेर नजाने स्पष्ट पारेका छन् ।

मतदाताका नाममा भावनात्मक पत्र लेख्दै उम्मेदवार पाण्डेले भनेका छन - 'म यहींको सुख दुःख भोगेको तपाईंकै घरको एउटा छोरो हुँ । मलाई विपक्षी साथीहरूले सोध्नुहुन्छ - 'हिजो बाबुराम भट्टराई र भक्ति पाण्डेले हारेको ठाँउमा किन आयौं ?' म उहाँहरूलाई भन्न चाहन्छु - 'हार र जीत त एउटा पाटो हो, तर यो मेरो जन्मभूमि हो, मेरो कर्म भूमि हो ।'

उनले आफ्ना बुवा स्व. भक्ति पाण्डेले यस क्षेत्रको विकासका लागि देखेको सपना पुरा गर्न आफूले उम्मेदवारी दिएको उल्लेख गरेका छन् । 'ती सपनाहरू आज पनि यहीं माटोमा जीवित छन् । ती अधुरा सपनाहरू पूरा गर्ने जिम्मेवारी मेरो काँधमा छ । म यहाँ चुनाव जित्न मात्र होइन, यो माटोको ऋण तिर्न आएको हुँ ।' -उनले भनेका छन् ।

तारा चुनाव चिन्ह लिएर नेपाली कम्युनिष्ट पार्टीबाट उम्मेदवार बनेका विश्वदीपले बुटवल धागो कारखाना जस्ता उद्योग बन्द हुनु र दाजुभाइहरू दैनिक खाडी मूलुकमा पसिना बगाउन जानु पर्ने बाध्यता नेताहरूले नै सिर्जना गरेको उनले मतदातालाई पठाएको पत्रमा उल्लेख छ ।

उनले भनेका छन् - 'नेताहरूले कुर्सी त पाएँ, तर यो माटोको माया पाएनन् । म तपाईंहरूलाई विश्वास दिलाउन चाहान्छु - म यहींको छोरो हुँ । म कतै भागेर जाने छैन । बुटवलको विकास, उद्योगको पुनरूत्थान र युवाहरूलाई रोजगारी मेरो पहिलो र अन्तिम संकल्प हो ।' उनले यस क्षेत्रलाई विकासको नमूना बनाउन सबैको साथ सहयोग जरूरी रहेको पनि मतदाताको नाममा लेखिएको पत्रमा उल्लेख गरेका छन् ।

उता नेपाली कांग्रेसको तर्फदेखि रूपन्देही क्षेत्रनम्बर-१ का उम्मेदवार हिराबहादुर खत्रीले किसानका मुद्दालाई सम्बोधन गर्नकालागि सिँचाइको पुर्वाधार विकासमा विशेष जोड दिने बताए । क्षेत्र नम्बर १ का धेरैजसो क्षेत्रहरू आकाशे पानीका भरमा निर्भर रहेका कृषियोग्य जमिनमा सिँचाइको सुविधा बढाउनकालागि मुख्य एजेण्डा बनाएर नीतिगत पहल गर्ने बताए । रूपन्देही क्षेत्रनम्बर एकका विभिन्न पालिकासँगै दक्षिणभेगको रोहिणी पालिकाका विभिन्न वडाहरूमा शनिबार घरदैलो, जभेटघाटका क्रममा किसानका गुनासा सुन्दै उनले खडेरीका समयमा कृषि उत्पादन घट्ने क्षेत्रमा सिँचाइको सुविधा बढाउने गरि काम गर्ने बताएका हुन् । आफूसँग भेटगरेका किसानले सिँचाइको अभावमा वर्षायाममा पनि खेतहरू बन्जर बन्ने गरेको गुनासो उल्लेख गर्दै खत्रीले ति गुनासा सुन्दै सिँचाइकालागि आफुले पहल गर्ने र गम्भीर भएर सरकारसँग कुरा उठाउने विश्वास ब्यक्त गरेका छन् ।

रोहिणी गाउँपालिकाका ४, ५ र ६ वडाका विभिन्न टोलहरूमा शनिबार भएको घरदैलोमा त्यहाँका किसानले सिँचाइ, उन्नतबिउ बिजन, मलखाद, कृषि उत्पादनको भण्डारणलगायतका आवश्यकताहरूलाई उम्मेदवार खत्रीका विचमा राखेको निर्वाचन परिचालन संयोजक हरि काफ्लेले जानकारी दिए । सो क्रममा उम्मेदवार खत्रीले यसअघि नै जलासयसहित रोहिणी सिँचाइ बाँधको प्रस्तावलाई अगाडि सारेको स्मरण गर्दै यस क्षेत्रलाई सिँचाइ र जल पर्यटनको हब बनाउन सकिने गरि योजनालाई अगाडि बढाएको बताए । उनले रोहिणीसँगै ओमसतिया, देवदह, तिलोत्तमा पालिकाका विभिन्न क्षेत्रमा सिचाइ सुविधा पुऱ्याउनकालागि योजनाबद्ध तरिकाले काम गर्ने बताए । उम्मेदवार खत्री क्षेत्र नम्बर १ का विभिन्न पालिकामा दैनिकजसो घरदैलो र जनभेटघाट गर्दै आम नागरिकका गुनासा र सुझाव संकलन गरेको क्षेत्रीय सचिव विजय गुरूङले जानकारी दिए ।

### पाल्पा अस्पतालको स्वरूप फेरिँदैः

# एक लाख डलरको लागतमा वैज्ञानिक फोहोर व्यवस्थापन परियोजना सुरु हुँदै



पाल्पा । पाल्पा अस्पताललाई सफा, सुरक्षित र अत्याधुनिक बनाउने उद्देश्यका साथ 'फोहोर व्यवस्थापन तथा वातावरणीय सुरक्षा परियोजना' सञ्चालन हुने भएको छ । लायन्स क्लब अफ श्रीनगर पाल्पाको पहल, डिष्ट्रिक ३२५ पिको अग्रसरता र अन्तरराष्ट्रिय लायन्स क्लवको आर्थिक सहयोगमा अस्पताल प्रशासन र व्यवस्थापन समितिसँगको समन्वयमा यो परियोजनाको सुरु हुँदैछ ।

अस्पतालबाट दैनिक रुपमा निस्कने फोहोर सामान्य घरको फोहोर जस्तो हुँदैन; अस्पतालबाट निस्किने फोहोरहरु सुई, रगत लतपतिएका कपडाबाट संक्रमण फैलाउने जीवाणुहरू हुन्छन् । अस्पतालको फोहोरको उचित व्यवस्थापन नहुँदा अस्पतालमा आउने बिरामी, कुरुवा र अस्पताल वरपरका बासिन्दालाई समेत जोखिममा पार्दछ । यो परियोजनाले अस्पतालको फोहोरलाई वैज्ञानिक ढंगले निरुत्साहित र विसर्जन गर्नेछ ।

यो परियोजना पूर्णरूपमा कार्यान्वयनमा आउँदा विभिन्न किसिमका संक्रमणमा कमी हुनेछ । अस्पतालजन्य फोहोरको सही व्यवस्थापनले विभिन्न किसिमका जोखिम तथा विभिन्न समस्याहरुलाई घटाउँछ । वातावरणीय सुरक्षाः फोहोरलाई खुला ठाउँमा फाल्नु वा जलाउनुको सट्टा आधुनिक प्रविधिबाट प्रशोधन गर्दा जल, जमिन र वायु प्रदूषण कम हुन्छ । अस्पतालको छविः सफा र स्वच्छ अस्पतालले बिरामीको उपचार प्रक्रियामा सकारात्मक प्रभाव पार्छ र अस्पतालको गुणस्तर वृद्धि गर्छ ।

परियोजनाको कूल लागतमध्ये ७५ प्रतिशत रकम ७५ हजार डलर अन्तर्राष्ट्रिय लायन्स क्लबले बेहोर्नेछ भने बाँकी २५ प्रतिशत रकम पाल्पा अस्पतालले 'म्याचिङ फण्ड' का रूपमा उपलब्ध गराउनुपर्नेछ । लायन्स क्लबका पूर्व अध्यक्ष एवं डिष्ट्रिक सिनियर एडभाईजर प्रदिपकुमार उदयले परियोजनाको बजेट, कार्यान्वयन चरण र अवस्था बारे जानकारी गराए ।

अस्पताल प्रशासन तथा विकास समितिले जिल्लाका १४ वटा लायन्स क्लबहरूसँग गरेको छलफलमा लायनकर्मीहरूले अस्पतालको पूर्वाधार विकासमा ठूलो लगानी गर्न तयार रहेको बताएका छन् । लायन्सकर्मीहरु गंगाबहादुर खत्री, हरि रायमाझी, सुशील प्रधान, त्रिलोचन पौडेल, राजेन्द्र लिगल, भिमसेन कार्की, सकुन्तला बज्राचार्य, सागर महर्जन, दिपक घिमिरेलगायतले अस्पतालको लागि स-साना टुक्रे सहयोगभन्दा पनि दीर्घकालीन प्रभाव पार्ने बहुउद्देश्यीय भवनको निश्चित विभाग निर्माणमा सहयोग गर्ने इच्छा व्यक्त गरेका छन् । अस्पताल प्रशासन तथा विकास समितिले ठोस योजना र प्रस्ताव लायन्स क्लबहरुलाई पेश गर्न र जिल्लाका सबै लायन्सकर्मीहरु बिच वृहत् छलफल कार्यक्रम राख्न लायन्सकर्मीहरुले सुझाव दिए । लायन्सले गरेको सहयोग सर्वसाधारणले प्रत्यक्ष महसुस गर्ने खालको हुने उनीहरुले जोड दिए ।

कार्यक्रममा अस्पतालका निमित्त मेडिकल सुपरिटेण्डन डा.राजेन्द्र पौडेलले अस्पतालमा हाल ५ जना विशेषज्ञ चिकित्सकले सेवा प्रदान गरेको, फागुन मसान्तदेखि अस्पतालमा अप्रेसन सेवा सुरु हुने बताए । अस्पतालमा अप्रेसन सेवा सुरु भएपछि खाली रहेको अन्य विशेषज्ञ चिकित्सकहरु पनि पाल्पा अस्पतालमा सेवा गर्न आउने, बिरामीले सस्तोमा गुणस्तरीय उपचार सेवा पाउने मेडिकल सुपरिटेण्डन डा. पौडेलले बताए । अस्पतालमा हाजजोर्नी, छाला, स्त्रिरोग, दाँत, आँखा, फिजियो, विशेषज्ञ सेवासहित आधुनिक एक्सरे मेशिन, भिडियो एक्सरे देखी कल्चर ल्याव, फार्मेसी सेवा सञ्चालनमा रहेको छ ।

अस्पताल विकास समितिका अध्यक्ष अजयमान कर्माचार्यले अस्पतालको बहुउद्देश्यीय बहुतले भवन निर्माणको गरी अत्याधुनिक उपचार सेवा प्रदान गर्नको लागि डीपीआर निर्माणको लागि तयारी भइरहेको बताए । डीपीआर निर्माण भएपछि लायन्स क्लबसँग पूर्वाधार तथा मेडिकल उपकरणको लागि ठोस प्रस्ताव समेत पेश गरिने, सबैको सहयोगबाट अस्पताललाई ३ वर्षभित्रमा नेपालकै सुविधा सम्पन्न अस्पताल बनाउन, गरिबहरुको लागि निःशुल्क औषधी उपचार सुविधा पाउन सबै पक्षसँग सहयोगको लागि लागिपरेको समिति अध्यक्ष कर्माचार्यले जानकारी दिए ।

### साई ग्लोबल कप क्रिकेटः

# रूपन्देही क्याम्पस र नविन औद्योगिक विजयी







भैरहवा । रुपन्देही क्याम्पस र नविन औद्योगिकले ११औं संस्करणको जिल्लास्तरीय अन्तर कलेज साई ग्लोबल कप टी-२० क्रिकेट प्रतियोगितामा जित निकालेका छन् । शनिबार भएको खेलमा रुपन्देही क्याम्पसले सिद्धार्थ इन्टरनेशनललाई ९ विकेट र नविन औद्योगिकले न्यू लाइटलाई १ सय ४० रनले पराजित गर्दै जित हात पारेका हुन् ।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको पहिलो खेलमा टस जितेर ब्याटिङ गरेको सिद्धार्थ इन्टरनेशनलले ९ विकेट गुमाएर १ सय १२ रन बनायो । उसका लागि विकाश न्यौपानेले २८, निराजन भट्टराईले १८, दिपसन क्षेत्रीले १५, निरज भण्डारीले १२ र सुमनराज पाण्डेले १० रन जोडे । बलिङमा रुपन्देही क्याम्पसका सन्तोष यादवले ५, अर्जुन बस्यालले २, मनिष थापा र शिवकान्त यादवले १-१ विकेट लिए ।

जवाफी ब्याटिङ गरेको रुपन्देही क्याम्पसले ११ ओभर १ बलमा १ विकेटको नोक्सानीमा १ सय १४ रन बनाउँदै सहजै जित हात पार्यो । उसको जितमा सन्तोष यादवले अविजित ५२ र मनिष थापाले नटआउट ५० रनको योगदान गरे । बलिङमा सिद्धार्थका विकाश न्यौपानेले १ विकेट लिए । खेलमा सन्तोष यादवल प्लेयर अफ द म्याच भई एक हजार रुपैयाँ प्राप्त गरे ।

यस्तै, दोस्रो खेलमा टस हारेर ब्याटिङ गरेको नविन औद्योगिकले ५ विकेट गुमाएर १ सय ८८ रन बनायो । उसका लागि अजय यादवले ३७, विशाल गिरीले अविजित २५, मदन कार्कीले २२, स्वीकृत पौडेलले २२ र केशव सुवेदीले ११ रन जोडे ।

बलिङमा न्यु लाइटका अशिम श्रेष्ठले ३, जीवन थापाले १ विकेट लिए ।

जवाफी ब्याटिङ गरेको न्यू लाइट ९ ओभर ४ बलमा सबै विकेट गुमाएर ४८ रनमै समेटियो । उसलाई सस्तैमा रोक्न बलिङमा नविन औद्योगिकका विशाल गिरीले ५, अर्जुन तरामु र कुशल घिमिरेले २-२ तथा आशिष खनालले १ विकेट हात पारे । न्यू लाइटका कुनै पनि खेलाडीले दोहोरो अंकमा रन बटुल्न सकेनन् । खेलमा विशाल गिरी प्लेयर अफ द म्याच भई एक हजार रुपैयाँबाट पुरस्कृत भए ।

फागुन १४ गतेसम्म चल्ने प्रतियोगितामा जिल्लाका विभिन्न २० वटा कलेजहरुको सहभागिता रहेको खेल संयोजक निरजप्रताप खाँणले बताए । प्रतियोगिताको विजेता टिमले ५५ हजार ५ सय ५५ रुपैयाँ, उपविजेता टीमले नगद २५ हजार ५ सय ५५ रुपैयाँ, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन् । यस्तै, म्यान अफ द सिरिजले १० हजार, बेष्ट ब्याटर र बलरले समान ५-५ हजार, प्रत्येक खेलको म्यान अफ द म्याचले एक हजार रुपैयाँ पाउने छन् । यस्तै, प्रतियोगिताको अनुशासित टिमलाई पनि सम्मानित गरिने आयोजकले जनाएका छन् ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः–०७१–५५०२९३ मो. ९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com